# तानसेन नगरपालिका प्लाष्टिक झोला मुक्त क्षेत्र

तानसेन नगरपालिका लुम्विनि अञ्चलको अत्यन्त रमणिय पर्यटकिय क्षेत्र पाल्पा जिल्लाको सदरमुकाम हो । तानसेन नगरपालिका को १५ वटा वडा मध्ये ६ वटा ग्रामिण र ९ वटा शहरी रहेका छन् । तानसेन नगरपालिका को विगत लामो प्रयास बाट २०७० जेष्ठ २२ गते विश्व वातावरण दिवसको दिन प्लाष्टिक मुक्त नगर घोषणा गरिएको हो ।

सरसफाई तथा फोहर संकलन पूर्व प्लाष्टिक झोलाको प्रयोगले सडक, ढल जताततै प्लाष्टिकको फोहर देखिन्थे । प्लाष्टिक झोला प्रयोगवाट कृषी उपज देखी मानीस पशु चौपाया ढलवाटो समेतलाई असर गरेको र फोहर संकलन देखि ढुवानी र विर्सजन स्थलसम्म समस्या झेल्नु परेको थियो ।

तानसेन नगरपालिका क्षेत्रलाई सफा सुन्दर शहर निर्माण गर्न तानसेन नगरपालिका र पाल्पा उद्योग वाणिज्य संघको संयुक्त प्रयास वाट मिति २०७० जेष्ठ २२ गते विश्व वातावरण दिवसको दिन प्लाष्टिक मुक्त नगर घोषणा गरिएको हो । पाल्पाका वुद्धिजिवी राजनितिक दल टोल विकास संस्था सरकारी तथा गैह सरकारी सस्थां,सम्पुर्ण नगरवासीको सहयोग र समर्थनमा उक्त घोषणा गरिएको हो । प्लाष्टिकको झोलाको वैकल्पीक रुपमा जुट कपडाको झोला कागजको थुँगा प्रयोगमा आएको छ । तानसेन नगरपालिका लाई प्लाष्टिक झोला मुक्त तथा स्वच्छ तथा सुन्दर शहर निर्माण गर्नका लागी टोल विकास संस्थाहरुलाई सचेतीकरण,सरसफाईको तालीम दिई वडा वडामा डस्टविन वितरण गरेको सरसफाई शाखा प्रमुख रामजी वहादुर कार्की बताउनुहुन्छ । प्लाष्टिकको झोला प्रयोग गर्ने व्यापारी लाई न्युनतम रु ५०० देखी १००० सम्म जरिवाना गर्ने गरिएको छ ।

प्लाष्टिक झोला मुक्त नगर घोषणा गरे सकिने रहेछ को नमुना तानसेन नगरपालिकाले देखाएको छ । यो अनुकरणीय कार्य ले प्लाष्टिक झोला मुक्त कार्यविधी तयार भै काण्ठमाडौं उपत्यकाका सबै नगरपालिकाहरुमा नयां वर्ष २०७२ बैसाख देखिने लागु गर्ने भैसकेको छ ।


